त्रियुगा नगरपालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय गाईघाट, उदयपुर
कोशी प्रदेश, नेपाल

प्र. प्रमुख प्रशासकीय अधिकृत

## नदीजन्य पदार्थ संकलन तथा बिक्री सम्बन्धी बोलपत्र आहानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः-२०८२/०६/२७)

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा २ घ. को (६) र दफा ६२क. मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट त्रियुगा नगरपालिकाबाट स्वीकृत पारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी तोकेको दरमा बिक्री गर्ने गरी आ.व.२०८२/०८३ को बाँकी अवधिको लागि ठेक्का बन्दोबस्त गर्न यस नगरपालिकाको मिति २०८२/०६/२४ गतेको निर्णयानुसार ईच्छुक निर्माण सम्बन्धी काम गर्ने फर्म वा कम्पनीहरुले आफ्नो फर्म/कम्पनीको नविकरण भएको प्रमाणपत्र,मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,नियमानुसार करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक पोर्टल https://www.bolpatra.gov.np/egp/ मा यस सम्बन्धी राखिएको सूचनामा उल्लेखित शर्तहरु तथा तपसिल बमोजिमको विवरणको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । बोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेबसाईट https://www.bolpatra.gov.np/egp/ बाट रीत पुर्याई बोलपत्र फारम भर्न सकिनेछ ।

त्रियुगा नगरपालिका क्षेत्र भित्रका खोला तथा नदीहरूबाट उत्खनन गरिने नदीजन्य पदार्थको विवरण

| ठे.नं. | ठेक्काको किसिम/ विवरण | उठाउन पाउने परिमाण(घन मिटर) | | बिक्री मूल्य (दर रेट प्रति घन मिटर) | न्यूनतम ठेक्का अंक(वार्षिक)मु.अ.कर बाहेक |
|---|---|---|---|---|---|
| TM-UDA-REV-0९/2082-083 | बरुवा पुल ५०० मि. उत्तर/साकेला पुर्व/झुलुङ्गे पुल १ कि.मि. तल, बरुवा-त्रियुगा दोभान क्षेत्र (बरुवा तर्फ), त्रियुगा-बरुवा-बबिया दोभान पुर्व-त्रियुगा खोला तर्फ, बेहडुवा-मोतियाही जाने बाटो पुर्व, फुलझोर | ढुङ्गा, गिटी ग्राभेल | २२७०५.५६ | रु २४६.९६ | रु १४२७७८५५.२० |
| | | बालुवा | ३५१०८.८९ | | |
| | | भरौट/बलौट | ० | | |
| TM-UDA-REV-09/2082-083 | ३ नं. पुल पश्चिम मोहनपुर क्षेत्र (३ नं. पुल देखि ८६० मि. माथी), पुरानो देउरी बस्ती उत्तर, झोडा जाने बाटो पश्चिम, इट्टाभट्ट दक्षिण (उत्तराईटोल) सरस्वती खोला दोभान पश्चिम, त्रियुगा-फर्सेट दोभान क्षेत्र तल माथि त्रियुगा खोला तर्फ, अरुण पुष्प वाटिका पश्चिम/ खोला दोभान तल, साकेला खेल मैदान पुर्व -दक्षिण, कृषीफार्म (पोखरी) दक्षिण, शिद्धेश्वर मन्दिर माथि-खजुरी खोला दोभान तल | ढुङ्गा, गिटी ग्राभेल | १४९०४.६० | रु २४६.९६ | रु १०३६६७४१.५३ |
| | | बालुवा | २४८४०.५६ | | |
| | | भरौट/बलौट | ३९०६.४४ | रु १४१.१२ | |
| TM-UDA-REV-10/2082-083 | लुहाले ( मोथियाही जाने बाटो उत्तर त्रियुगा दोभान सम्म), बबिया (मोतियाही जानेबाटो उत्तर), लालभित्ति(मोतियाही जानेबाटो उत्तर), टाडी (मोतियाही बाटो उत्तर), कड खोला (जोगिदह खण्ड १), कड खोला (जोगिदह खण्ड २) | ढुङ्गा, गिटी ग्राभेल | २४५.९० | रु २४६.९६ | रु २६३५१२१.५३ |
| | | बालुवा | २०४०.६५ | | |
| | | भरौट/बलौट | १४६७१.४५ | रु १४१.१२ | |

शर्तहरू:

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र बोलपत्र दस्तुर खाता समूह ग-१-१ खाता नं. २०९०१००३०१०१०००४ मा रू ३००० रकम(पछि फिर्ता नहुने गरी) दस्तुर तिरेको नगदी रसिद,निर्माण सम्बन्धी काम गर्ने फर्म/कम्पनी नविकरण भएको दर्ता प्रमाण-पत्र, मू.अ.कर दर्ता प्रमाण-पत्र र आ.व. २०८१/०८२ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरूको प्रतिलिपीहरू संलग्न राखी माथि उल्लेखित दिनमा सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेबसाईट https://www.bolpatra.gov.np/egp/ बाट बोलपत्र फारम Download गरी नियमानुसार बोलपत्र फारम भर्न सकिनेछ ।

२. बोपलपत्र फारम आफुले कबोल गरेको कुल अंकको ५% धरौटी रकम यस कार्यालयको गाईघाट स्थित रा.बा. बैंक समूह ग-३ धरौटी खाता नं. २०९०१००३०३००००४ मा जम्मा गरी सो को सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त

बैंकले जारी गरेको कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नु पर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन । उक्त बैंक जमानत वा नगद धरौटी रकम नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन, नियम बमोजिम फिर्ता गरिनेछ ।

३. प्रत्येक प्याकेजको लागि अलग अलग बोलपत्र फाराम खरिद गर्नु पर्ने छ र दर्ता गर्दा प्याकेज छुट्टाएर प्रष्ट हुने गरी दर्ता गर्नु पर्नेछ ।

४. खरिद भएका बोलपत्रहरूको प्रत्येक पानामा सही छाप गरी फर्म वा कम्पनीको नाम र ठेक्काको नाम, नम्बर लेखी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजे सम्म ि‍ ‍ीय बोल-पत्र मार्फत यस कार्यालयमा दर्ता गरी पेश गर्नु पर्नेछ ।

५. दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरू दर्ता गर्ने अन्तिम दिनको १.०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहोवरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट तत् मिति र समयमा गरिनेछ ।

७. बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८. सबैभन्दा बढी अंक कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।

९. बोलपत्र स्वीकृत भएपछि सोको सूचना पाएको मितिले ७ दिनभित्र सम्बन्धित बोलपत्रदाता फर्म वा कम्पनीको नियमानुसार प्रक्रिया पुरा गरी सम्झौता गर्न आउनुपर्नेछ । सो अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ र उक्त कारणबाट दोस्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनःबोलपत्र आव्हान गर्ने अधिकार त्रियुगा नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र दाताले आफूले कबोल गरेको रकम एकमुष्ठ नबुझाएमा कबोल गरेको कुल रकम (भ्याट समेत जोडी) तीन किस्तामा बुझाउनु पर्नेछ । किस्ता आफूले कबोल गरेको अंकको ४०% प्रतिशत रकम सम्झौता गर्ने समयमा, बाँकी ६०% प्रतिशत रकमलाई बराबर भाग लगाई २ किस्तामा बुझाउनु पर्नेछ । सो दुई किस्ता बापतको दोस्रो किस्ता रकम २०८२ फाल्गुन मसान्त भित्र र तेस्रो तथा अन्तिम किस्ता बापतको रकम २०८३ बैशाख मसान्त भित्र बुझाउन पर्नेछ ।

११. सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउन बाँकी ६० प्रतिशत रकमको २०८३ असार मसान्तसम्म अवधि भएको यस कार्यालयको नाममा राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकहरूबाट जारी गरिएको बैंक जमानत (परफरमेन्स बण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलनपूर्जी दिइनेछ ।

१२. कुनै पनि खास शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१३. ठेकेदारले सम्झौताको बखत आफूले कबोल गरेको रकमको नगदै वा कबोल अंक बराबरको बैंक भौचर पेश गरी ठेक्का सम्झौता गर्नुपर्नेछ । साथै उक्त समयमै नियमानुसारको आयकर तथा मु.अ.कर समेत कार्यालयमा बुझाउनुपर्नेछ ।

१४. नदीजन्य पदार्थ उत्खनन,सङकलन, बिक्री तथा निकासी गर्दा IEE प्रतिवेदनमा स्वीकृत मापदण्ड र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट प्राप्त परिपत्र, सहमति र मार्गदर्शनलाई आधार मानी उत्खनन, संकलन र निकासी गर्नुपर्नेछ ।

१५. कर/शुल्क उठाउने रसिदहरू ठेक्काको शिर्षक खुल्ने गरि रसिद कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाई कार्यालयमा नम्बर सहितको नगदी रसिद ठेली दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।फर्म वा व्यवसायीलाई उपलव्ध गराएको नगदी रसिदको विवरण कार्यालय समेतले अभिलेख खडा गरी राख्ने छ ।

१६. कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा प्रचलित कानुन, ऐन, नियमको परिधि भित्र रही त्रियुगा नगरपालिकाको कार्यालय गाईघाट, उदयपुरले गरेको निर्णय अन्तिम हुनेछ ।

१७. सम्मानित अदालत, नेपाल सरकार, कोशी प्रदेश सरकार, त्रि.न.पा. को नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य एंव दायित्व हुनेछ । नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षतिहानि-नोक्सानी हुन गएमा सोको क्षतिपूर्तिको दावी ठेकेदारले त्रि.न.पा. सँग गर्न पाउने छैन ।

१८. यस कार्यालयको छाप र कार्यालयबाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिइने छैन ।

१९. बन्द, हडताल, चक्काजाम वा अन्य कुनै कारण देखाई मिनाहा दिईने छैन ।

२०. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०८३ जेष्ठ मसान्त सम्म हुनेछ ।

२१. नदीजन्य पदार्थ उत्खनन, संकलन गरी बिक्री गरेको परिमाण १/१ महिनामा ठेकेदारले अनिवार्य रूपमा त्रि.न.पा. कार्यालयमा पेश गर्नुपर्नेछ ।

२२. ठेकेदारले उठाउने कर यस कार्यालयद्वारा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेखित स्थानमा कोशी प्रदेश सभाबाट स्वीकृत आ.व.२०८२/०८३ को आर्थिक ऐनमा उल्लेख भएको दररेटमा मात्र कर उठाउनु पर्नेछ ।

२३. सूचनामा उल्लेखित परिमाण भन्दा बढी नदीजन्य पदार्थ ठेकेदारले उत्खनन गरी बिक्री वितरण गर्न पाउने छैन ।

२४. नदी तथा खोला खहरेहरूमा बाढी पहिरोका कारणले नदीजन्य सामाग्री थुप्रिन गई सो कारणले क्षति हुने सम्भावना भएमा जिल्ला विपत व्यवस्थापन समितिको निर्णयानुसार पन्छाउने र सो को राजश्व नगरपालिका आफैले लिने छ ।

२५. नम्बरी आवादी जग्गामा प्रकृया पुर्‍याई उत्खनन गरेको तथा खोला, नदी भन्दा बाहिरको क्षेत्रमा उत्खनन गरिएको ढुङ्गा, गिटी, बालुवाको राजश्व ठेकेदारले लिन पाउने छैन ।

CamScanner

नि. प्रमुख प्रशासकीय अधिकृत

२६. ठेकेदारले नगरपालिकाबाट प्रमाणित गरी उपलब्ध गराएको भ्याट सहित सरकारी बिल भन्दा बाहेक अन्य बिल प्रयोग गर्न पाउने छैन ।

२७. नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय तह र विकास साझेदारबाट संचालित आयोजनाहरूलाई आवश्यक पर्ने ढुङ्गा, गिटि तथा बालुवा सम्बन्धित आयोजनाबाट माग भई आएमा राजश्व लिई नगरपालिकाले वातावरणीय प्रतिवेदनका आधारमा स्थान तथा क्षेत्र तोकि उत्खन्न गरि नदीजन्य पदार्थ उठाउन दिने र नगरपालिकाले ठेक्का सम्झौता नहुन्जेल उत्खन्न गर्न दिएको परिमाण घटाई वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित परिमाण नबढ्ने गरि ठेक्का सम्झौता गर्नेछ ।

२८. यसमा उल्लेख भएका कुराहरूमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित ऐन, नियम, कानुन र सम्झौताको शर्तमा उल्लेख भए अनुसार हुनेछ ।

२९. विस्तृत जानकारीका लागि त्रियुगा नगरपालिका गाईघाट, उदयपुरको Website www.triyugamum.gov.np वा त्रि.न.पा.को सम्पर्क न. ०३५४२०१८६ मा सम्पर्क गर्न सकिनेछ ।